# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३

| | |
|---|---|
| म.प.बाट स्वीकृत मिति | २०७३।०५।२९ |
| पहिलो संशोधन मिति | २०७३।०८।२६ |
| दोस्रो संशोधन मिति | २०७३।१०।१४ |
| तेस्रो संशोधन मिति | २०७३।११।०९ |
| चौथो संशोधन मिति | २०७४।०१।२१ |
| पाचौं संशोधन मिति | २०७७।०१।०२ |
| छैठौं संशोधन मिति | २०७८।०९।२१ |

सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरु नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम **"सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३"** रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(ख) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य सचिव वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(घ) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक, वा महाप्रवन्धक सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्यका रुपमा नियुक्ति वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ ।

(च) "अख्तियारवाला" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(छ) “सम्बन्धित कानून” भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धी ऐन, नियम र गठन आदेश सम्झनु पर्छ ।

♥(ज) "मापदण्ड" भन्नाले सूचना तथा सञ्चार मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड २०७३ सम्झनु पर्छ ।

३. **<u>राष्ट्रिय समाचार समितिको बोर्डका अध्यक्ष तथा सञ्चालकहरुको लागि योग्यता</u>** : राष्ट्रिय समाचार समिति ऐन, २०१९(यसपछि "ऐन" भनिएको) को दफा ८ को,

(१) उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनीत हुने सदस्यको हकमा मन्त्रालयका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत कर्मचारी मनोनीत गर्न सकिनेछ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत हुने सञ्चालक सदस्यको योग्यता देहाय बमोजिम हुनेछः–

(क) नेपाली नागरिक,

* (ख) तीस बर्ष पूरा भई पैँसठ्ठी वर्ष ननाघेको,

♠ (ग) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आम सञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको ।

# (घ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको र सेवाबाट अवकासप्राप्त दुवै व्यक्तिको हकमा कम्तीमा अधिकृत स्तरको पदमा काम गरेको।

(ङ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिम निर्वाचित नभएसम्म सोही दफाको उपदफा (२) बमोजिम सञ्चालक समितिको सदस्य हुन योग्यता पुगेको कुनै पनि व्यक्तिलाई सञ्चालकमा मनोनयन गर्न सकिनेछ।

---

♥पहिलो संशोधनद्वारा थप

♠ पहिलो संशोधनद्वारा संशोधित

* तेस्रो संशोधनद्वारा संशोधित

# छैठौं संशोधनद्वारा संशोधित

(४) उपदफा (३) बमोजिम तोकिने बोर्डको अध्यक्षको योग्यता देहाय बमोजिम हुनेछ :–

(क) नेपाली नागरिक,

* (ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

♠(घ) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आम सञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको ।

#(ङ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको र सेवाबाट अवकासप्राप्त दुवै व्यक्तिको हकमा कम्तीमा अधिकृत स्तरको पदमा काम गरेको।

(च) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(छ) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

å**(४क.)** सेवामा रहेको कर्मचारी दफा २ को खण्ड (ग) बमोजिमको पदाधिकारीको पदमा मनोनित वा नियुक्ति भएमा निजले साविकको पदबाट राजिनामा दिई स्वीकृत भएको हुनुपर्नेछ।

♥**३क.** राष्ट्रिय समाचार समितिको महाप्रबन्धकको योग्यता: राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम नेपाल सरकारले नियुक्ति गर्ने महाप्रबन्धकको योग्यता राष्ट्रिय समाचार समितिको अध्यक्षको लागि चाहिने योग्यता सरह हुनेछ ।

४. **गोरखापत्र संस्थानको सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको लागि योग्यता** : गोरखापत्र संस्थान ऐन, २०१९ (यसपछि "ऐन" भनिएको) को दफा ८ को,–

(१) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको हकमा मन्त्रालयका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत कर्मचारी मनोनयन गर्न सकिनेछ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत हुने सञ्चालक सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको सञ्चालक सदस्य सरह हुनेछ ।

♥ पहिलो संशोधनद्वारा थप

♠ पहिलो संशोधनद्वारा संशोधित

* तेस्रो संशोधनद्वारा संशोधित

# छैठौं संशोधनद्वारा संशोधित

å छैठौं संशोधनद्वारा थप

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिम निर्वाचन नभएसम्म सोही दफाको उपदफा (२) बमोजिम मनोनयन गर्दा गोरखापत्र संस्थानको कुनै कर्मचारीलाई वा सञ्चालक हुन योग्यता पुगेको अन्य कुनै व्यक्तिलाई मनोनयन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम तोकिने अध्यक्षको योग्यता राष्ट्रिय समाचार समितिको अध्यक्ष सरह हुनेछ ।

**♥४.क** गोरखापत्र संस्थानको महाप्रबन्धकको योग्यता: गोरखा पत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम नेपाल सरकारले नियुक्ति गर्ने राष्ट्रिय समाचार समितिको अध्यक्षको लागि चाहिने योग्यता सरह हुनेछ ।

**५. नेपाल टेलिभिजनको सञ्चालक समितिको अध्यक्ष तथा सञ्चालकको लागि योग्यता** : सञ्चार संस्थान ऐन, २०२८ (यसपछि "ऐन" भनिएको) को दफा १० को,–

(१) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको हकमा मन्त्रालयका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत कर्मचारी मनोनयन गर्न सकिनेछ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत हुने सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको सञ्चालक सदस्य सरह हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिम निर्वाचन नभएसम्म सोही दफाको उपदफा (२) बमोजिम सदस्य मनोनयन गर्दा सञ्चालक समितिको सदस्य हुन योग्यता पुगेको कुनै पनि व्यक्तिलाई मनोनयन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम तोकिने अध्यक्षको योग्यता राष्ट्रिय समाचार समितिको अध्यक्ष सरह हुनेछ ।

**♥५.क** नेपाल टेलिभिजनको महाप्रबन्धकको योग्यता: सञ्चार संस्थान ऐन, २०२८ को दफा १६ को उपदफा (१) बमोजिम नेपाल सरकारले नियुक्ति गर्ने महाप्रबन्धकको योग्यता राष्ट्रिय समाचार समितिको अध्यक्षको लागि चाहिने योग्यता सरह हुनेछ ।

**६. रेडियो प्रसार विकास समितिको सदस्य तथा कार्यकारी निर्देशकको लागि योग्यता** : रेडियो प्रसार विकास समिति (गठन आदेश), २०४१ (यसपछि "आदेश" भनिएको) को,–

---

♥ पहिलो संशोधनद्वारा थप

* (१) दफा २क. को उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको मनोनीत सदस्यको लागि तोकिएको योग्यताका साथै सरकारी वा गैरसरकारी संघ संस्थामा रही भाषा, साहित्य, प्रशारण वा पत्रकारिताको क्षेत्रमा कम्तीमा सात वर्ष कार्य गरेको हुनु पर्नेछ ।

* (२) दफा २क. को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको मनोनीत सदस्यको लागि तोकिएको योग्यताका साथै गीत, सङ्गीत, तथा कला क्षेत्रमा कम्तीमा सात बर्ष काम गरेको वा कला, साहित्य, सङ्गीत क्षेत्र सम्बन्धी नीति निर्माण तथा व्यवस्थापन तहमा काम गरेको हुनु पर्नेछ।

(३) दफा ७ बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको योग्यता राष्ट्रिय समाचार समितिको बोर्डको अध्यक्ष सरह हुनेछ।

७. **प्रेस काउन्सिलका अध्यक्ष तथा सदस्यको लागि योग्यता** : प्रेस काउन्सिल ऐन, २०४८ (यसपछि "ऐन" भनिएको) को दफा ६ को,–

(१) उपदफा (१) को खण्ड (क) बमोजिम पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरुमध्येबाट मनोनीत हुने अध्यक्षको योग्यता देहाय बमोजिम हुनेछः–

(क) नेपाली नागरिक,

(ख) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीण गरेको,

* (ख) तीस बर्ष पूरा भई पैसठ्ठी वर्ष ननाघेको,

(ग) पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र बर्ष कार्य गरी विशिष्टता हासिल गरेको,

(घ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(ङ) प्रचलित नेपाल कानून बमोजिम मनोनित हुन अयोग्य नठहरिएको ।

(२) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिम मनोनीत हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः–

(क) नेपाली नागरिक,

---

* तेस्रो संशोधनद्वारा संशोधित

* (ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

* (ग) कानून बमोजिम दर्ता भएका पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाईन सञ्चार माध्यममा पत्रकार, सम्पादक, प्रकाशक, सम्बाददाता, समाचारवाचक, कार्यक्रम निर्देशक वा स्तम्भ लेखकको रुपमा कम्तीमा सात वर्ष कार्य गरेको,

(घ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(ङ) प्रचलित नेपाल कानून बमोजिम मनोनित हुन अयोग्य नठहरिएको ।

(३) उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको हकमा उपदफा (२) मा उल्लिखित योग्यताको अतिरिक्त कानून बमोजिम दर्ता भएका साहित्यिक पत्रकारितासँग सम्बन्धित कम्तीमा तीन वटा संस्थाबाट सिफारिस प्राप्त गरेको हुनु पर्नेछ।

८. **<u>न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष तथा सदस्यको लागि योग्यता</u>** : श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ (यसपछि "ऐन" भनिएको) को दफा ११ को उपदफा (१) को,–

(१) खण्ड (क) बमोजिम नियुक्त हुने अध्यक्षको योग्यता राष्ट्रिय समाचार समितिको अध्यक्ष सरह हुनेछ ।

*(२) खण्ड (च) बमोजिम मनोनीत हुने सदस्यहरुको योग्यता राष्ट्रिय समाचार समितिको सदस्यको लागि तोकिएको योग्यताका साथै कानून बमोजिम दर्ता भएको राष्ट्रिय स्तरका सञ्चार गृहको सञ्चालक वा व्यवस्थापक भई सात वर्ष कार्य गरेको अनुभव समेत हुनु पर्नेछ ।

* (३) खण्ड (छ) बमोजिम मनोनीत हुने सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको सदस्यको लागि तोकिएको योग्यताका साथै कानून बमोजिम दर्ता भएको सञ्चारगृह वा आमसञ्चार माध्यममा कम्तीमा सात वर्षदेखि कर्मचारी वा कामदारका रुपमा काम गरेको हुनु पर्नेछ ।

*(४) खण्ड (ज) बमोजिम मनोनीत हुने सदस्यको योग्यता राष्ट्रिय समाचार समितिको सदस्यको लागि तोकिएको योग्यताका साथै श्रम व्यवस्थापन वा वित्त व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात बर्ष काम गरेको हुनु पर्नेछ ।

*९. **<u>नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा सदस्यको लागि योग्यता</u>** : दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (२) बमोजिम नियुक्ति हुने अध्यक्ष र सदस्यको योग्यता सो ऐनमा उल्लेख गरिएको योग्यताका अतिरिक्त देहाय बमोजिमको योग्यता हुनेछ :–

* तेस्रो संशोधनद्वारा संशोधित

(क) नेपाली नागरिक,
(ख) तीस वर्ष पुरा भई पैसठ्ठी वर्ष ननाघेको,
(ग) नियुक्ति हुनु भन्दा अगाडि कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको कर्मचारीको हकमा राजपत्रांकित प्रथम श्रेणी, दशौं तह वा सो भन्दा माथिल्लो पदमा दूरसञ्चार नियमावली, २०५४ को नियम ३ बमोजिमको अवधि काम गरी अनुभव प्राप्त गरेको,
(घ) प्रचलित नेपाल कानून बमोजिम नियुक्त हुन अयोग्य नठहरिएको ।

१०. **<u>चलचित्र जाँच समिति तथा चलचित्र विकास वोर्डका अध्यक्ष तथा सदस्यको लागि योग्यता</u>** : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (यसपछि "नियमावली" भनिएको) को,–

(१) नियम १६ को उपनियम (१) को खण्ड (घ) र उपनियम (२) को खण्ड (ग) बमोजिम तोकिने चलचित्र जाँच समितिका सदस्यको योग्यता चलचित्र विकास बोर्डका सदस्य सरह हुनेछ ।

(२) नियम २१ को उपनियम (१) को खण्ड (क) बमोजिम मनोनीत हुने चलचित्र विकास वोर्डका अध्यक्षको योग्यता देहाय बमोजिम हुनेछ :–

(क) नेपाली नागरिक,

* (ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

#(ग) कुनै बिषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनमा निरन्तर रुपमा कम्तीमा दश वर्ष कार्य गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनमा निरन्तर रुपमा कम्तीमा वीस बर्ष कार्य गरेको ।

# (घ) X

(३) नियम २१ को उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत हुने चलचित्र विकास बोर्डको सदस्यको योग्यता देहाय बमोजिम हुनेछः–

(क) नेपाली नागरिक,

* (ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

* (ग) नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन, चलचित्र कलाकारिता, अभिनय, निर्माण, वितरण, प्रदर्शन वा चलचित्र पत्रकारिताको क्षेत्रमा कम्तीमा सात बर्ष कार्य गरेको ।

---
* तेस्रो संशोधनद्वारा संशोधित
# पाचौं संशोधनद्वारा संशोधित

१. **नियुक्तिको लागि अयोग्यता** : देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधिको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

*१२. **पदावधिः** सम्बन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारीको पदावधि दुई बर्षको हुनेछ ।

१३. **पद रिक्त हुने अवस्था** : (१) सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः–

(क) निजले उक्त पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा ११ बमोजिम अयोग्य भएमा,

(घ) कार्यक्षमताको अभाव, खराव आचरण वा इमान्दारितापूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन।

(ङ) निजको मृत्यु भएमा ।

१४. **नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्ने** : (१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्बन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

* तेस्रो संशोधनद्वारा संशोधित

♣(२) उपदफा (१) बमोजिमको प्रक्रिया निर्धारण गर्दा सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयनको लागि सिफारिस गर्दा मन्त्रालयले कार्यविधि बनाई प्रतिष्पर्धाको आधारमा नियुक्ति वा मनोनयनको सिफारिस गर्नेछ ।

♥(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिम नेपाल सरकारवाट मनोनित हने अध्यक्षको हकमा उक्त ऐन र सो मापण्डमा तोकिएको योग्यता र अनुभव भएका व्यक्तिहरुमध्ये मन्त्रालयले उपयुक्त व्यक्तिको व्यक्तिगत विवरण लिई सोही आधारमा मनोनयनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्न सक्नेछ ।

**(१५) कार्यसम्पादन करार गर्नुपर्नेः-** (१) कार्यकारी प्रमुखले निज नियुक्ति वा मनोनयन भएको मितिले तीस (३०) दिन भित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नुपर्नेछः--

(क) कार्यकारी प्रमुखले पूरा गर्नेपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यासायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारको लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक छ महिनामा मूल्याङ्कन गर्नेछ ।

**१६. <u>मापदण्ड लागू नहुने</u>ः** यस मापदण्डमा यन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयवाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थावाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो मापदण्ड लागू हुने छैन ।

---

♣ चौथो संशोधनद्वारा संशोधित

♥ चौथो संशोधनद्वारा थप

१७. **<u>पारिश्रमिक तथा सुविधा नपाउने:</u>** सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यले सम्बन्धित कानुनमा उल्लेख भए बाहेकको कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

१८. **<u>दोहोरो सुविधा लिन नहुने:</u>** यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ ।

१९. **<u>बाझिएमा गर्ने:</u>** यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

२०. **<u>बचाउ:</u>** यो मापदण्ड लागू हुनुपूर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा वहाल रहेका पदाधिकारी तथा सदस्यहरु यसै मापदण्ड बमोजिम नियुक्ति वा मनोनयन भएको मानिनेछ ।